जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ६ २०८३ साल साउन ७ गते बिहीबार (23 July 2026 Thursday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सुशासन, असल शासनको ... ३ पृष्ठमा : ओझेलमा ऐतिहासिक ... ३ पृष्ठमा :अस्ट्रेलियामा दुर्लभ समान...

# भन्सार कार्यालयको ९० प्रतिशत भन्दा बढी राजस्व संकलन




**दैनिक समाचारदाता राजविराज, ६ साउन ।**

राजविराज भन्सार कार्यालयले आर्थिक बर्ष २०८२/२०८३ मा राजश्व संकलनका लागि लिएको लक्ष्य मध्ये ९० दशमलव १ प्रतिशत राजस्व संकलन गर्न सफल भएको छ ।

उक्त कार्यालयले ८ करोड १७ लाख १५ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा ७ करोड ४२ लाख रुपैयाँ राजस्व संकलन गर्न सफल भएको हो ।

यसअघि अघिल्लो आब २०८१/०८२ मा तोकिएको भन्दा कम ८० दशमलव ९३ प्रतिशत मात्र राजस्व संकलन गरेको थियो ।

२०८२/०८३ मा भने १० प्रतिशत राजस्व संकलन बृद्धि गर्न सफल भएको राजविराज भन्सार कार्यालयका नायब सुब्बा एवं सूचना अधिकारी विजय कुमार साहले जानकारी दिए । लक्ष्य शत प्रतिशत पुरा नभए पनि प्रतिकूल अवस्था र नाकामा देखिएका विभिन्न समस्याकाबीच प्राप्त नतिजा संतोषजनक नै मान्नु पर्ने नायब सुब्बा साहको कथन छ । उनका अनुसार भन्सार कार्यालय प्रवेश गर्ने मुख्य सडक र पुल लामो समय देखि जीर्ण हुँदा आवागमन प्रभावित भई राजस्व संकलन कार्यमा समेत प्रभाव पारेको छ ।

भन्सार कार्यालयको ५० मिटर दुरीमा मात्र रहेको सडक र पुल तीन बर्ष अघि आएको बाढीले क्षतिग्रस्त बनाएको र अझै मरमत सम्भार हुन नसक्दा ठूला सबारी साधन आवतजावत ठप्प नै रहेको उनको भनाई छ ।

उनले बिगतमा भारतीय चलचित्रहरुबाट समेत राम्रै

*बाँकी अन्तिम पृष्ठमा*

# ट्रकमा मोटरसाइकल ठोकिदा चालकको मृत्यु, अर्का घाइते

**दैनिक समाचारदाता राजविराज, ६ साउन ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ८ बेरियास्थित पूर्व-पश्चिम राजमार्गमा ट्रकको पछाडीको भागमा मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन् ।

दुर्घटनामा मोटरसाइकल चालक जिल्लाको सुरुङ्गा गाउँपालिका १ चहकाका ५५ वर्षीय खडकबहादुर आले मगरको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक मगरको टाउको, अनुहार तथा दुवै हातखुट्टामा चोट लागेकोले रुपनीस्थित युनिक अस्पतालमा उपचारका क्रममा मंगलबार राति नै चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिएका छन् ।

यस्तै सोही मोटरसाइकलको पछाडि सवार सुरुङ्गा गाउँपालिका १ निवासी ३५ वर्षीय इन्द्र राउत घाइते भएका छन् । उनको कल्याणपुरस्थित स्थानिय अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारका लागि विराटनगर लगिएको प्रहरीले जनाएको छ ।

मंगलबार साँझ करिब ७:४० बजे कठौनाबाट कल्याणपुरतर्फ आउँदै गरेको बा.प्र.०३-००१ ख ३९१५ नम्बरको ट्रकको पछाडिको दाहिने चक्काको भागमा सोही दिशाबाट आउँदै गरेको स ७ प २३७ नम्बरको मोटरसाइकल ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

ट्रक चालक सिन्धुलीको दुधौली नगरपालिका वडा नम्बर ३ का ३८ वर्षीय रमेश थारु दुनुवार सहित दुर्घटनामा संलग्न ट्रक र मोटरसाइकल नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ब्राउन सुगरसहित एक पक्राउ

**दैनिक समाचारदाता राजविराज, ६ साउन ।**

सप्तरी प्रहरीले प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित एक जनालाई पक्राउ गरेको छ ।

मंगलबार साँझ जिल्लाको सुरुङ्गा नगरपालिका २ भेडियास्थित कदमाहा-गाईघाट सडकखण्डमा खटिएको प्रहरी टोलीले नियमित सवारी तथा व्यक्तिको चेकजाँचका क्रममा शंकाको आधारमा शरीर खानतलासी गरेको थियो ।

खानतलासीका क्रममा सुनसरीको साविक रामधुनी नगरपालिका ५ घर भई हाल सुरुङ्गा नगरपालिका २ रक्सामा बस्दै आएका ३७ वर्षीय अस्मिन कार्कीले लगाएको खरानी रङको कट्टुको भित्र लुकाइछिपाइ राखिएको कालो प्लास्टिकमा चार वटा पोकामा ब्राउन सुगर जस्तो देखिने पदार्थ फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिएका छन् ।

बरामद पदार्थ प्लास्टिकसहित ७.५३ ग्राम र प्लास्टिक बाहेक ५.७७ ग्राम

*बाँकी अन्तिम पृष्ठमा*

# राजविराजका पूर्व मेयर एवं जसपा नेपालका केन्द्रिय सदस्य चौधरी काँग्रेसमा प्रवेश



**दैनिक समाचारदाता राजविराज, ६ साउन ।**

राजविराज नगरपालिकाका पूर्व मेयर एवं जसपा नेपालका केन्द्रिय सदस्य शैलेश चौधरीले बुधबार पार्टी परित्याग गरि नेपाली काँग्रेसमा प्रवेश गरेका छन् ।

४४औं बिपी स्मृती दिवसको अवसर पारेर नेपाली काँग्रेस जिल्ला कार्यसमिति सप्तरीद्वारा राजविराजस्थित पार्टी कार्यालयमा आयोजित एक कार्यक्रमबीच उनी नेपाली काँग्रेसमा प्रवेश गरेका हुन् ।

उनलाई नेपाली काँग्रेसका केन्द्रिय सदस्य रामपल्टन साह, पार्टीका मधेश प्रदेश सहमहामन्त्री विन्दु यादव, जिल्ला सभापति रामदेव साह, पुर्वमन्त्री तेजुलाल चौधरी, क्षेत्रिय सभापति महानन्द यादव, भूपेन्द्र यादव, उमेश मिश्र, बद्री महात्मान लगायतले फुलमाला र अबिर लगाई स्वागत गरेका थिए ।

यसअघि चौधरी नेपाली काँग्रेस सप्तरीद्वारा आयोजना गरिएको वृक्षारोपण कार्यक्रममा समेत सहभागि भएका थिए । विद्यार्थी जिवनकालमा २०३० सालमा नेवि संघबाट राजनीतिक यात्रा सुरु गरेका उनी पछि गएर मधेशवादी विद्यार्थी संगठन हुँदै मधेशवादी दलमा प्रवेश गरेका थिए ।

चौधरीले समय, अनुभव, अनुभूती र जनताको चाहना अनुसार आफू नेपाली काँग्रेसमा प्रवेश गरेको स्पष्ट पारेका छन् । उनले नयाँ ढंगले राजनीतिक यात्रा सुरु गर्न काँग्रेस रोजेको बताउँदै यसलाई बलियो बनाउन निस्वार्थ ढंगले काम गर्ने प्रतिवद्धता समेत जनाए ।

**जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं**

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सहज सरल रुपमा ऋण उपलब्ध गराउ

सप्तरी जिल्लामा तीन दर्जन भन्दा बढी निजि क्षेत्रका बैंक तथा वित्तिय संस्था र सरकारी बैंकहरु संचालनमा रहेका छन् । कतिपय वित्तिय संस्थाहरुले आफ्नो शाखा जिल्लाका ग्रमिण भेगमा समेत बिस्तार गरेका छन् । आर्थिक क्षेत्र तहसनहस बन्दै गएको अवस्थामा यस जिल्लामा दर्जनौं भन्दा बढी बैंक तथा वित्तिय संस्थाहरु संचालनमा आउनुले आर्थिक कारोबारले तिब्रता पाउनु हो । तर, पछिल्लो समयमा उद्योग, व्यवसाय तथा व्यापारीहरु त्रसको अवस्थामा छन् । पूँजीको अभावमा व्यापार राम्रो बन्न सकिरहेको अवस्थामा छैन् ।

यता विदेशबाट आउने रेमिट्यान्सले मुलुक धानिरहेको अवस्था छ । रेमिट्यान्सले आर्थिक भार सम्हालिरहेको अवस्थामा यो रकम बढी व्यक्तिगत रुपमा बढी प्रयोग भइरहेको छ । व्यापारमा लगानीको कुरा गर्ने हो भने रेमिट्यान्सको थोरै मात्र सहयोग रहेको पाइन्छ ।

तसर्थ बैंक तथा बित्तिय संस्थाहरुले व्यापारलाई आर्थिक संकटबाट उकास्न तथा सहज रुपमा व्यवसायलाई फस्टाउन ऋण प्रदान गर्नेतर्फ ध्यान दिनु जरुरी छ । यसतर्फ सबै निजि तथा सरकारी बैंक र बित्तिय संस्थाहरुको ध्यान पुग्नु अति आवश्यक छ ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# सुशासन, असल शासनको अभ्यास

**उद्धव सिलवाल**

काठमाडौं, ६ साउन (रासस) ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ ले मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरेको छ ।

यसमा सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताका रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने उल्लेख छ ।

जनताद्वारा गरिने शासनलाई लोकतान्त्रिक शासन भनिन्छ । विश्व बैंकले सुशासनका विशेषताको आयाममा सहभागिता, पादर्शीता, जवाफदेहिता, प्रभावकारिता, कानुनी शासन, भ्रष्टाचाररहितता, समावेशीकरण, प्रभावकारिता, दक्षता र संवेदनशीलतालाई लिने गर्दछ । बैंकका अनुसार सुशासन भनेको कुनै पनि देशमा अधिकार प्राप्त निकायलाई शासन सञ्चालन गर्ने अधिकार दिइएको हुन्छ । यसमा सरकारहरूले नीतिहरू प्रभावकारी रूपमा तर्जुमा र कार्यान्वयन गर्ने, सरकारको क्षमतालाई छान्ने, अनुगमन गर्ने, प्रतिस्थापना गर्ने प्रक्रिया र उनीहरूबीच आर्थिक एवं सामाजिक अन्तरक्रिया गर्ने, संस्थाका लागि नागरिक तथा राज्यको सम्मान समावेश गरिएको हुन्छ ।

वर्तमान विश्वमा सूचना प्रविधिको विकाससँगै डिजिटल गभर्नेन्स वा इ-गभर्नेन्स सुशासनको सबैभन्दा प्रभावकारी अस्त्रका रूपमा रहेको छ । वर्तमान सरकारले पनि आफ्नो नीति तथा कार्यक्रममा इ-गेटदेखि इ-पासपोर्टसम्मको कुरालाई प्राथमिकता दिएको छ । बजेटमा पनि सुशासनलाई महत्व दिइएको छ । यसका लागि सरकारसँगै कर्मचारी संयन्त्रको ठूलो भूमिका हुन्छ ।

सुशासन यस्तो आधारशीला हो, जसलाई टेकेर समृद्धि र जनताको अपेक्षा पूरा गर्न सकिन्छ । प्रजातन्त्रमा जनताको स्वर नीति निर्माण तहमा पुग्नुपर्छ । अनि मात्रै कानुनी राज्यको प्रत्याभूति लागू हुन्छ । भोट राजनीति हावी भएका कारण चुनावका बेला मात्रै जनतालाई सम्झने परिपाटीले सुशासनको धरातल कमजोर बनेको थियो । लामो समय देश राजनीतिक अस्थिरता, अनिश्चितता, भ्रष्टाचार, कुशासन, हिंसात्मक द्वन्द्वबाट पार हुँदै आजको ठाउँमा आइपुगेको हो । सोही कारण आमनागरिकको खुसीको स्तर अझसम्म पनि बढ्न सकेको देखिँदैन ।

त्यसैले वर्तमान सरकराले आफ्नो चुनावी वाचापत्र, सरकार गठनपछिको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची, नीति तथा कार्यक्रम र बजेटमा पनि सुशासनलाई उच्च प्राथमिकता दिएको छ । शासकीय सुधारसम्बन्धी कार्यसूचीमा राजनीतिक हस्तक्षेपमुक्त सार्वजनिक प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष र नागरिकप्रति उत्तरदायी बनाउने उल्लेख छ । बजेटमा पनि सार्वजनिक सेवा प्रवाह आधारभूत रूपमा प्रयोग गर्दै मालपोत, यातायात, राहदानी, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनजस्ता नागरिक सेवासँग जोडिएको प्रणालीको सुदृढीकरण गर्ने उल्लेख छ । त्यसैले अहिले आम जनताको खोजी भनेकै सुशासन रहेको हो ।

सरकारले सय दिनमा सुधारका धेरै कार्य गरिसकेको छ । लाइसेन्स छपाई, राहदानी वितरण, यातायात तथा मालपोतमा हुने सेवा प्रवाहलाई चुस्त बनाएको छ । विद्युतीय कारोबारलाई सबै सरकारी सेवामा लागू गरिसकिएको छ । सरकारबाट भएका कार्यले केही न केही रूपमा आम नागरिकले राहत महसुस गर्न थालिसकेका छन् तर यी सबै कुराबाट अहिले नै शासन सञ्चालनको शैली कस्तो छ र सुधारप्रतिको राजनीतिक इच्छाशक्तिको मूल्याङ्कन गर्न सकिँदैन । लामो समयदेखि थाती रहेको आर्थिक, प्रशासनिक र राजनीतिक समस्याको समाधान सय दिनमै पूर्ण रूपमा लागू नहुने हुँदा यसमा अझै पनि धैर्यताको खाँचो छ ।

सरकारको पहिलो सय दिनलाई कार्यसम्पादनको महत्वपूर्ण▪ मापदण्डका रूपमा स्थापित गर्ने श्रेय अमेरिकाको पूर्वराष्ट्रपति फ्र्याङ्लिन डी रुजबेल्टलाई दिइने गरिएको छ । सरकारका सय दिन हेर्ने अभ्यास उहाँको पालाबाट सुरु भएको मान्ने गरिएको छ । सन् १९३३ को महामन्दीमा उहाँले पहिलो सय दिनमै तीव्र गतिमा कानुनी र प्रशासनिक सुधार अघि बढाउनुभएको थियो । ती दिनमा उहाँले बैंकिङ प्रणाली सुधार गरे भने बेरोजगारी न्यूनीकरणका कार्यक्रम सुरु गर्नुभएको थियो । योसँगै कृषि र उद्योगलाई राहत दिने कानुन, सार्वजनिक निर्माण र रोजगारी सिर्जना गर्ने कार्यक्रम ल्याएर आर्थिक दृटिकोणले देशलाई बलियो बनाउन ठूलो भूमिका खेल्नुभएको थियो । यो नै सरकारको पहिलो सय दिनको मापन गर्ने मानकका रूपमा विकास भयो । तर हामीकहाँ अमेरिकामा भएजस्तो व्यापार सुधार नभए पनि अनुभूत गर्ने सुधारका कार्यहरू भने भएका छन् ।

आर्थिक सुशासन पुस्तकका लेखक डा उदय रानामगरले सार्वजनिक सरोकारका विषयहरूमा सरकार वा सरकारी संयन्त्रबाट प्रवाह गरिने सेवा नै सार्वजनिक सेवा भएको उल्लेख गर्नुभएको छ । उहाँले सेवा वितरणमा सार्वजनिक क्षेत्र वा सरकारी निकायको अग्रणी भूमिका रहने, सार्वजनिक सेवाको वितरण प्रभावकारी र जनताको चाहनाअनुसार हुनुपर्ने, कम गुनासो आउने गरी प्रभावकारी रूपमा सेवा प्रवाहको व्यवस्थापन गर्नुपर्ने बताउनुभएको छ । त्यसका लागि सार्वजनिक पदाधिकारीमा ज्ञानको साझेदारी गर्ने संस्कार भएमा मात्रै सेवा प्रवाहमा बढोत्तरी हुन्छ ।

सार्वजनिक सेवा प्रवाह गर्ने काम सरकारको प्रमुख कार्यमा पर्दछ । सार्वजनिक सेवाको अन्तिम लक्ष्य भनेको सेवाग्राहीको आवश्यकताअनुसार गुणस्तरीय ढङ्गले सेवा प्रदान गर्नु हो । सरकारको प्रभावकारिता प्रदान गरिने सेवाको गुणस्तर र सेवाग्राहीको सन्तुष्टिमा भर पर्दछ । सार्वजनिक प्रशासन समग्र राजनीतिक प्रणालीको एक हिस्सा भएको हुँदा यसमा सामाजिक, राजनीतिक, आर्थिक, आन्तरिक, बाह्य सबै सन्दर्भहरूको प्रभाव रहेको छ । सरकारको प्रमुख भूमिका नागरिकहरूको शासन, कानुन र मापदण्ड निर्माण र व्यवस्थापन गर्नु हो । सरकारले गर्ने काममा समाजमा सुरक्षा व्यवस्था, कानुनी तवरले समानता, शिक्षा, स्वास्थ्य सेवा, सामाजिक कल्याण, आर्थिक स्रोतको प्रबन्ध, प्रविधिको विकास, पर्यावरणीय संरक्षणजस्ता कार्यहरू पर्दछ ।

सार्वजनिक प्रशासनले सार्वजनिक स्रोत र सेवाको व्यवस्थापनमार्फत सरकारी नीति तथा कार्यक्रमको कार्यान्वयनलाई बुझाउँछ । यसले सार्वजनिक नीतिको कार्यान्वयन गर्दछ । विज्ञहरूले कानुनको विस्तृत र व्यवस्थित कार्यान्वयनलाई सार्वजनिक प्रशासन भन्ने गरेका छन् । सार्वजनिक प्रशासनलाई सार्वजनिक मामिलाको व्यवस्थापन पनि भन्ने गरिन्छ । सार्वजनिक निकायहरूको प्रभावकारी सञ्चालनमा सङ्गठनात्मक संरचना, कार्य र प्रक्रियाको महत्वलाई प्राथमिकता दिइन्छ ।

सरकारी कार्यालयको ढिलासुस्ती, निर्णय प्रक्रियाको जटिलता र अस्पष्टताका कारण सार्वजनिक सेवा प्राप्त गर्न अनावश्यक झन्झट, राजनीतिक हस्तक्षेप तथा कर्मचारी संयन्त्रमा देखिएको जवाफदेहिताको अभावलाई हटाउनसके मात्रै अशल शासनको कल्पना गर्न सकिन्छ । सरकार फेरिए पनि शासन फेरिँदैन भन्ने धारणा समाजमा गहिरो रूपमा स्थापित भएको कारण विगत लामो समयदेखि सरकार परिवर्तन हुँदा पनि नीति, नियम परिवर्तन हुन सकेनन् । सरकार बदलिए पनि सेवा प्रवाहको शैली, प्रशासनिक संस्कार र संस्थागत कार्यसम्पादनमा अपेक्षित परिवर्तन नआउँदा नागरिकमा देखिएको निराशालाई अब सदाको लागि अन्त्य गर्नुपर्ने समय आएको छ ।

सरकार परिवर्तनको अर्थ केवल सत्ताको नेतृत्व लिने अनुहार परिवर्तन हुनुलाई मात्रै बुझाउँदैन । बरु यसले राज्य सञ्चालनको सोच, कार्यशैली र राजनीतिक संस्कारमा आउने परिवर्तनलाई उजागर गर्न सक्नुपर्छ । त्यसैले उत्पादन विस्तार, रोजगारी सिर्जना, निजी तथा सार्वजनिक लगानीको वृद्धि, उद्यमशीलताको प्रवर्द्धन र युवाले देशभित्रै भविष्य देख्ने वातावरण निर्माणजस्ता सूचकमा आम नागरिकले स्पष्ट सुधारको खाका खोजिरहेका छन् । यिनै कारणले सुशासनको बहस प्रशासनिक सुधारमा मात्र सीमित नराखी नागरिकको जीवनस्तर, आर्थिक अवसर र सार्वजनिक सेवाको गुणस्तरमा पनि कार्यान्वयन गर्नुपर्ने देखिएको छ । आमनागरिकले सरकारले दिने सेवा सहज रूपमा प्राप्त गर्न थालेमा, व्यवसाय सञ्चालनमा देखिँदै आएको अवरोध हटेमा, रोजगारीका अवसर बढेमा, आन्तरिक र बाह्य आर्थिक सूचकाङ्कमा सुधार देखेमा मात्रै सुशासन र असल शासनको प्रत्याभूति महसुस गर्न सक्नेछन् ।


## माइग्रेशन सर्टिफिकेट हराएको सूचना

घरबाट लहान जाने क्रममा यही मिति २०८३/२/२ गते माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मोवाइल नं. ९८०७७४७४२४ मा तथा निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

**नाम : सुमित कुमार चौधरी**
**ठेगाना : गोलबजार १, सिरहा**
**सि.नं. : M०८६७६५१**
**रजिष्ट्रेशन नं. : ६७१५०८४६१**

# ओझेलमा ऐतिहासिक पुस्तकालय

राजु विश्वकर्मा
जनकपुरधाम, ६ साउन (रासस)।

बिहानको घाम पूर्णरूपमा नउदाउँदै जनकपुरधाम-४ स्थित पुरानो सार्वजनिक पुस्तकालयको ढोका खुल्छ। केहीबेरमै लोकसेवा, शिक्षक सेवा, बैंक, प्रहरी, विश्वविद्यालय तथा अन्य प्रतिस्पर्धात्मक परीक्षाको तयारी गरिरहेका युवायुवतीहरूको भीड लाग्न थाल्छ। सबैको हातमा किताब भए पनि सबैले बस्ने कुर्सी पाउँदैनन्। कतिपय पालो कुर्छन्, त्यतिकै कतिपय फर्किन्छन्।

एकातिर अध्ययन गर्ने युवाको उत्साह बढ्दो छ, अर्कोतिर ज्ञानको प्यास मेटाउने ऐतिहासिक पुस्तकालय भने सरकारी उदासीनताले थलिँदै गएको छ। कुनै समय जनकपुरको बौद्धिक केन्द्रका रूपमा परिचित यो सार्वजनिक पुस्तकालय आज पनि अध्ययनप्रेमीहरूको पहिलो रोजाइ बनेको छ। शान्त वातावरण, पुस्तकहरूको सङ्ग्रह र एकाग्र भएर पढ्न मिल्ने परिवेशका कारण यहाँ दैनिक ठूलो सङ्ख्यामा अध्ययनार्थी पुग्ने गरेका छन्। तर बढ्दो चापअनुसार न भवन विस्तार भएको छ, न अध्ययन कक्ष थपिएका छन्, न पर्याप्त कुर्सी टेबल नै।

पुस्तकालयको प्रत्येक सिट भरिएपछि विद्यार्थीहरू भूइँमा बसेर पढ्ने, पालो कुर्ने वा निराश भएर फर्किने दृश्य सामान्य बन्दै गएको छ। "यहाँ पढ्नको वातावरण त उत्कृष्ट छ, तर बस्ने ठाउँ नपाउँदा समस्या हुन्छ", पुस्तकालयमा नियमित अध्ययनका लागि आइरहनुभएका विद्यार्थी शिरिष ठाकुर भन्नुहुन्छ, "दैनिक धेरै सङ्ख्यामा यहाँ विद्यार्थीहरु आउँछन् तर कुर्सी टेबुल पर्याप्त नहुँदा कोही पालो कुर्छन् त कतिपय भित्र भूईमै बसेर पढ्छन्। कतिपय विद्यार्थी भने बाहिरै चौरमा बसेर पनि पढ्ने गर्छन्।" पुस्तकालयभित्र पङ्खा नहुँदा गर्मी मौसममा विद्यार्थी उकुसमुकुस गरेर पढ्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ।

विसं २०१२ सालमा स्थापना भएको उक्त पुस्तकालयमा विद्यार्थीको चाप बढ्दै गए पनि पुस्तकालयमा शौचालय र खानेपानी अर्को ठूलो समस्याको रुपमा देखिएको विद्यार्थीहरु बताउँछन्। "पुस्तकालय परिसरमा शौचालय छैन, त्यसैले शौचालयका लागि कि त नजिकैको खुल्ला ठाउँमा शौच गर्नुपर्छ कि सार्वजनिक शौचालय नै पुग्नुपर्ने अवस्था छ", अर्का विद्यार्थी रोहित साह भन्नुहुन्छ,"खानेपानीको पनि अवस्था उस्तै छ, खानेपानीका लागि अन्यत्रै पुग्नुपर्ने बाध्यता छ।" पानी परेको बेला त पुस्तकालयमा अझ बिजोग हुने गरेको उहाँ सुनाउनुहुन्छ।

जनकपुरधामको पवित्र धार्मिक पोखरी गङ्गासागर र धनुषसागरको बीच भागमा रहेको यो पुस्तकालय प्राकृतिक रुपमा त्यति नै उपयुक्त रहे पनि पुस्तकालय बाहिरको वातावरणले थप समस्या बनाइरहेको छ।

"पुस्तकालयभित्रको वातावरण अन्त्यै राम्रो छ तर पुस्तकालय बाहिर सर्वसाधारणहरुले खुल्ला रुपमा गर्ने दिसापिसाबका कारण पुस्तकालय दुर्गन्धित बनेको छ", अर्का विद्यार्थी पङ्कज साह भन्नुहुन्छ, "गङ्गासागर पोखरीको डिलमा आएर युवाहरुले गाँजा, चरेशलगायतका लागुऔषध प्रयोग गर्ने गरेकाले पनि समस्या भइरहेको छ।" यसबारे स्थानीय प्रशासनलाई समेत जानकारी गराए पनि कुनै पहल नभएको उहाँको दुःखेसो छ।

वर्षौंको इतिहास बोकेको यो पुस्तकालयमा दुर्लभ पुस्तकहरू सुरक्षित छन् तर भवनको जीर्ण अवस्था, सीमित बजेट, नयाँ पुस्तकको अभाव र आधुनिक सुविधाको कमीले यसको गौरव विस्तारै खुम्चिँदै गएको छ। २००७ सालको क्रान्तिपछि जनकपुरमा राजनीतिक चेतना जगाउन र प्रजातान्त्रिक आन्दोलनको योजना बनाउन युवाहरूले २०१२ सालमासार्वजनिक पुस्तकालय स्थापना गरेका थिए। यसबीचमा नेताहरूले पुस्तकालयको इतिहास र योगदानको उचित मूल्याङ्कन नगर्दा यी संस्था लथालिङ अवस्थामा पुगेको हो।

जनकपुरधामको सार्वजनिक पुस्तकालय कुनै सामान्य भवन होइन। दशकौँदेखि यो शहरको बौद्धिक चेतनाको केन्द्रका रूपमा परिचित छ। शिक्षक, साहित्यकार, अनुसन्धानकर्ता, कर्मचारी, विद्यार्थी र पुस्तकप्रेमीको साझा थलोका रूपमा यसले लामो समयदेखि सेवा दिँदै आएको जनकपुरधाम उपमहानगरपालिका-४ का सञ्जिव ठाकुर बताउनुहुन्छ।

"धेरै पुस्तकालय नभएको बेला यो पुस्तकालय स्थापना भएको हो, यसको आफ्नो छुट्टै इतिहास छ", ठाकुर भन्नुहुन्छ, "यसले थुप्रै कर्मचारी, बुद्धिजीवी र श्रष्टा जन्मायो तर यसको अवस्था खासै सुधार हुन सकेन।" यो सरकारको नजरमा पर्न सकेन् र यो सरकारी उदासिनताको सिकार भएको उहाँको भनाइ छ।

डिजिटल प्रविधिको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चर्चा भइरहेका बेला पनि इन्टरनेट, ई-लाइब्रेरी र अनुसन्धानमैत्री सेवा विस्तार हुन नसकेको यो पुस्तकालयमा भने दैनिक विद्यार्थीको चहलपहल बढिरहेको छ। विशेषगरी प्रतिस्पर्धात्मक परीक्षाको तयारी गर्ने युवाहरूका लागि यो पुस्तकालय अझै पनि सबैभन्दा भरपर्दो अध्ययन केन्द्र बनेको छ।

शान्त वातावरण, पुस्तकहरूको विविध सङ्ग्रह र ध्यान केन्द्रित गर्न सकिने परिवेशका कारण धेरै विद्यार्थीले घर वा निजी अध्ययन कक्षभन्दा पुस्तकालयलाई प्राथमिकता दिने गरेको पुस्तकालयमा कार्यरत कर्मचारी रञ्जिता ठाकुर बताउनुहुन्छ। "पुस्तकालयमा आउने विद्यार्थी दैनिक जसो बढ्दै छ, तर पुस्तकालयको भौतिक संरचना भने समयअनुसार विस्तार हुन सकेको छैन", ठाकुर भन्नुहुन्छ,"एउटै कोठामा पुस्तकालय छ, त्यहीभित्र विद्यार्थीहरु कोचाकोच गरेर पढ्नुपर्ने अवस्था छ।" पुस्तकालयका भवन पुरानो भइसकेकोले वर्षायाम चुहिने गरेको ठाकुरको भनाइ छ।

अध्ययन गर्ने संस्कृतिप्रति युवाहरूको आकर्षण बढ्दै गएको यही समयमा सार्वजनिक पुस्तकालयहरू भने संरक्षणको पर्खाइमा छन्। ज्ञानको मन्दिर मानिने यस्ता संस्थाले पर्याप्त सरकारी प्राथमिकता पाउन सकेका छैनन्। तीन वटै तहका सरकारको उपेक्षामा परेको पुस्तकालयलाई विभिन्न व्यक्ति र दाताहरुबाट चन्दा सङ्कलन गरी सञ्चालन गर्नुपर्ने बाध्यता रहेको पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष बलराम मण्डल बताउनुहुन्छ। "अहिले सम्म पुस्तकालयमा न त सङ्घीय सरकारकै आँखा पुग्न सकेको छ, न त प्रदेश सरकार वा स्थानीय सरकारले नै कुनै सहयोग गरेका छैनन्", अध्यक्ष मण्डल भन्नुहुन्छ," पुस्तकालयको समस्या सुनाउँदा पनि कुनै सरकारले सहयोग नगर्दा जेनतेन पुस्तकालय चलाइरहेका छौं।"

"म आफैं पनि एउटा प्राकृतिक युग मसाज चिकित्सक हुँ", अध्यक्ष मण्डल भन्नुहुन्छ,"जनताको सेवा गरेर कमाएको पैसाबाट परिवार पनि चलाउँछु र पुस्तकालयलाई पनि सहयोग गर्दै आएको छु।" आफ्नै पैसाबाट विद्यार्थीहरुको पढाइमा सहयोग होस् भन्ने उद्देश्यले रु. १५ हजारको लगानीमा पुस्तकालयमा इन्टरनेट वाइफाइ जडान गरेको उहाँ बताउनुहुन्छ। पुस्तकालयको चार कठ्ठा दुई धुर जग्गा भए पनि बजेटको अभावका कारण घेरवार गर्न नसक्दा थप समस्या भइरहेको अध्यक्ष मण्डलको भनाइ छ।

स्थानीय बुद्धिजीवी दिपेन्द्र तिवारीका अनुसार यो केवल एउटा भवन होइन, जनकपुरको बौद्धिक इतिहासको जीवित दस्तावेज हो। "जनकपुरधाममा यस्ता दुई/तीन वटा पुस्तकालयहरु छन् तर ती पुस्तकालमा खासै चहल पहल हुँदैन्", तिवारी भन्नुहुन्छ," तर यो पुस्तकालयमा देखिएको विद्यार्थीहरुको आकर्षणले सकारात्मक सन्देश दिएको छ।" समयानुकूल विद्युतीय तथा इन्टरनेटमा उपलब्ध हुने पुस्तक तथा ज्ञानगुनका कुरा सिक्ने उपकरण राखेर पुस्तकालयलाई आधुनिक ढङ्गबाट सञ्चालनमा ल्याउनुपर्ने धारणा उहाँको छ।

समयमै संरक्षण, आधुनिकीकरण र पूर्वाधार विस्तार गर्नसके यो पुस्तकालय मधेश प्रदेशकै उत्कृष्ट सार्वजनिक अध्ययन केन्द्र बन्न सक्छ। तर बेवास्ता कायमै रहने हो भने यसको ऐतिहासिक पहिचान मात्र होइन, भावी पुस्ताले पाउनुपर्ने ज्ञानको धरोहर पनि सङ्कटमा पर्न सक्ने उहाँको चिन्ता छ। पुस्तकालयमा अध्ययन गर्ने युवाको भिडले एउटा सन्देश दिइरहेको छ, पुस्तक पढ्ने संस्कृतिको अभाव छैन, अभाव छ त त्यसलाई साथ दिने पूर्वाधार र सरकारी प्रतिबद्धताको। त्यसैले इतिहास बोकेको पुस्तकालयको अवस्थामा सुधार ल्याउन सरकारको ध्यान पुग्नु जरुरी छ।

# शिक्षा र स्वास्थ्यमा तीन प्रतिशत कर फिर्ताको घोषणा स्वागतयोग्य रहेको प्रतिक्रिया

काठमाडौँ, ६ साउन (रासस)।

सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाएको तीन प्रतिशत समता कर फिर्ताको घोषणा स्वागतयोग्य भएको सम्बन्धित क्षेत्रका सरोकारवालाले बताएका छन्।

प्रधानमन्त्री बालेन्द्र शाहले मङ्गलबार सामाजिक सञ्जाल फेसबुकमार्फत सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको तीन प्रतिशत समता शुल्क लागू नगर्ने निर्णय गरिएको जानकारी गराउनुभएको थियो।

सरकारको तीन प्रतिशत समता कर फिर्ता गर्ने घोषणापछि शिक्षा तथा स्वास्थ्य क्षेत्रका सरोकारवाला क्षेत्रका पदाधिकारीले सरकारको घोषणाको खुलेर प्रशंसा गरेका छन्।

राष्ट्रिय अभिभावक महासङ्घका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले सरकारले शिक्षाको समतामूलक करमा 'करेक्सन' गरेर उचित निर्णय गरेको बताउनुभयो। "हाम्रा आवाजलाई सुनेर सच्याएर जानु जनतामैत्री छ", उहाँले भन्नुभयो, "प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमार्फत शिक्षा र स्वास्थ्यमा तीन प्रतिशत कर नलिने घोषणा उचित छ।"

शिक्षाविद् प्रा डा विद्यानाथ कोइरालाले सरकारले शिक्षामा करभन्दा पनि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको गुणस्तर सुधारतर्फ अघि बढ्नुपर्ने बताउनुभयो। "सरकारले कुनै पनि नीति तथा नियम बनाउँदा पर्याप्त पूर्वतयारी गरेर ल्याउँदा उचित हुन्थ्यो", उहाँले भन्नुभयो, "सरकारले सामुदायिक विद्यालयलाई निजीसँग सहकार्य गरेर सामुदायिक विद्यालयको गुणस्तर सुधारतर्फ अग्रसर हुन जरुरी छ।"

निजी तथा आवासीय

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### अस्ट्रेलियामा दुर्लभ समान चम्ल्याहा छोरीको जन्म

ब्रिसबेन (अस्ट्रेलिया), ६ साउन (रासस/एपी)।

अस्ट्रेलियामा प्राकृतिक रूपमा भएको अत्यन्त दुर्लभ गर्भधारणबाट एउटै निषेचित अण्डा चार भागमा विभाजित भई समान चम्ल्याहा (चार) छोरी जन्मिएका छन्। चिकित्सकहरूका अनुसार यस्तो गर्भधारण करिब एक करोड ५० लाखमध्ये एकमा मात्र हुने सम्भावना रहने भएकाले यसलाई अत्यन्त असाधारण घटना मानिएको छ। क्विन्सल्यान्डस्थित रोयल ब्रिस्बेन एन्ड वुमेन्स अस्पतालमा ३४ वर्षीया जेनिटर साउ नामोनाले गत १४ जुलाईमा सिजेरियन शल्यक्रियामार्फत चार छोरीलाई जन्म दिनुभएको हो। यसअघि नै चार सन्तानकी आमा रहनुभएकी नामोना र उहाँका पति जोर्थमले थप सन्तान जन्माउने योजना नबनाएका बेला चौगुना गर्भ रहेको जानकारी पाएपछि परिवार नै आश्चर्यमा परेको अस्पतालले जनाएको छ। नामोनाको उपचारमा संलग्न मातृ-भ्रूण विशेषज्ञ डा. एलेक्सा बेन्डलका अनुसार चारै शिशु एउटै निषेचित अण्डाबाट विकसित भएका हुन्। गर्भाधानपछि अण्डा चार भागमा विभाजित हुँदा समान चम्ल्याहा शिशुको जन्म भएको उहाँले बताउनुभयो। उहाँका अनुसार यस्तो घटना विश्वमै अत्यन्त दुर्लभ मानिन्छ र अस्ट्रेलियामा यसअघि यस्तै प्रकृतिको जन्म भएको जानकारी उहाँहरूसँग छैन।

चिकित्सकीय तथ्याङ्कअनुसार प्राकृतिक रूपमा चम्ल्याहा गर्भधारण हुने सम्भावना करिब सात लाखमध्ये एक मात्र हुन्छ। तर एउटै निषेचित अण्डाबाट समान चम्ल्याहा (चार) शिशु जन्मिने सम्भावना अझ निकै कम रहने भएकाले यस घटनाले चिकित्सकहरूको समेत ध्यान आकर्षित गरेको छ। अधिकांश चम्ल्याहा गर्भधारण भने सहायक प्रजनन प्रविधिको प्रयोगपछि हुने गरेका छन्। चारै भ्रूणले एउटै प्लेसेन्टा साझा गरेका कारण नामोनाको गर्भावस्था उच्च जोखिमयुक्त थियो। यस्ता अवस्थामा समयपूर्व प्रसूति, गर्भपतन, जन्मजात समस्या तथा अन्य जटिलता देखिने जोखिम उच्च हुने भएकाले गर्भावस्थाको १०औं सातादेखि नै विशेषज्ञ चिकित्सकहरूको टोलीले उहाँको नियमित निगरानी गरेको थियो। २५औं सातामा उहाँलाई अस्पतालमै भर्ना गरी निरन्तर उपचार तथा निगरानी गरिएको थियो। डा. बेन्डलले २८ हप्ता चार दिनको गर्भावस्थामै चार स्वस्थ शिशुको जन्म हुनु निकै उत्साहजनक उपलब्धि भएको बताउनुभयो। शल्यक्रियाका क्रममा आमामा सामान्य रक्तस्राव भए पनि अवस्था नियन्त्रणमै रहेको र अहिले उहाँको स्वास्थ्य राम्रो रहेको उहाँले जानकारी दिनुभयो।

### हिटलरको जन्मस्थल अब प्रहरी कार्यालय

ब्राउनाउ आम इन (अस्ट्रिया), ६ साउन (रासस/एएफपी)।

नाजी नेता एडोल्फ हिटलरको जन्मस्थललाई चरम दक्षिणपन्थी समर्थकहरूको तीर्थस्थल बन्न नदिन अस्ट्रियाले उक्त भवनलाई औपचारिक रूपमा प्रहरी कार्यालयमा रूपान्तरण गरेको छ। लामो विवाद र कानूनी प्रक्रियापछि बुधबार नयाँ प्रहरी कार्यालय सञ्चालनमा ल्याइएको हो। अस्ट्रियाली अधिकारीहरूका अनुसार हिटलरको जन्मघरलाई प्रहरी कार्यालय बनाउने निर्णयले उक्त स्थानलाई नाजी विचारधाराको प्रतीकका रूपमा प्रयोग हुनबाट रोक्नेछ। साथै, यसले वर्षौंदेखि चलिरहेको 'यस भवनको भविष्य के हुने ?' भन्ने विवादको पनि अन्त्य हुने अपेक्षा गरिएको छ। ब्राउनाउ आम इन सहरको केन्द्रमा रहेको १७औं शताब्दीको उक्त भवनको करिब दुई करोड युरो लागतमा पुनःनिर्माण गरिएको हो। निर्धारित समयभन्दा तीन वर्ष ढिलो सम्पन्न भएको पुनर्निर्माणपछि भवनको स्वरूप पूर्ण रूपमा परिवर्तन गरिएको छ। जर्मन सीमानजिक रहेको उक्त घरमा एडोल्फ हिटलरको सन् १८८९ अप्रिल २० मा जन्म भएको थियो। पहिले पहेँलो रङको रहेको भवनलाई सेतो रङले रङ्ग्याइएको छ भने प्रवेशद्वारमा प्रहरी कार्यालयको चिह्न राखिएको छ। भवनबाहिर रहेको स्मारक शिलालेखमा 'शान्ति, स्वतन्त्रता र लोकतन्त्रका लागि, फेरि कहिल्यै फासीवाद होइन' भन्ने सन्देश अझै कायम राखिएको छ। सन् १९३८ मा नाजी जर्मनीले अस्ट्रियालाई गाभेपछि करिब ६५ हजार अस्ट्रियाली यहुदी मारिएका थिए भने थप एक लाख ३० हजारभन्दा बढीलाई देशनिकाला गरिएको थियो। यद्यपि, होलोकास्टप्रतिको आफ्नो ऐतिहासिक जिम्मेवारी पूर्ण रूपमा स्वीकार नगरेको भन्दै अस्ट्रिया समय-समयमा आलोचित हुँदै आएको छ। यो भवन सन् १९१२ देखि एउटै परिवारको स्वामित्वमा थियो। सन् १९७२ देखि भने अस्ट्रियाली सरकारले भाडामा लिएर अपाङ्गता भएका व्यक्तिहरूको सेवा केन्द्रका रूपमा प्रयोग गर्दै आएको थियो। अन्तिम निजी मालिक गेर्लिन्डे पोमरले भवनको पुनःउपयोगका विभिन्न प्रस्तावको विरोध गर्दै आउनुभएको थियो।

अस्ट्रियाली संसद्ले सन् २०१६ मा विशेष कानूनमार्फत भवन अधिग्रहण गर्ने निर्णय गरेपछि सर्वोच्च अदालतले करिब आठ लाख १० हजार युरोमा उक्त सम्पत्ति खरिद गर्ने सरकारी निर्णयलाई अनुमोदन गरेको थियो। भवन भत्काउने, सङ्ग्रहालय बनाउने वा अन्य प्रयोजनमा प्रयोग गर्ने विकल्पमाथि लामो छलफल भए पनि इतिहासविद्हरूले भवन ध्वस्त पार्न नहुने धारणा राखेका थिए। अन्ततः विशेषज्ञ आयोगको सिफारिसमा यसलाई प्रहरी कार्यालय बनाउने निर्णय गरिएको हो। सरकारले स्थायी प्रहरी उपस्थितिले नाजी विचारधाराप्रति कुनै सहिष्णुता नरहेको स्पष्ट सन्देश दिने र भवनलाई राजनीतिक रूपमा तटस्थ बनाउने विश्वास व्यक्त गरेको छ। तर यातना शिविरबाट बाँचेकाहरूको संस्था माउथाउसेन कमिटी अस्ट्रियाका प्रवक्ता रोबर्ट इटरले भने भवनको स्वरूप परिवर्तन गर्दैमा नव-नाजी समर्थकहरूको तीर्थयात्रा रोकिने विश्वास गर्न नसकिने बताउनुभयो। उहाँले इतिहासकै कुख्यात नरसंहारकर्तामध्ये एकको जन्मस्थल भएकाले त्यसको ऐतिहासिक पहिचान मेटाउन सम्भव नरहेको धारणा व्यक्त गर्नुभयो।

# तिलाठीका किसानलाई अनुदानमा कुट्टी काट्ने मेशिन वितरण



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाले पशुपालक किसानहरुलाई बुधबार चापकटर मेशिन ( कुट्टी काट्ने मेशिन) वितरण गरेको छ ।

वडा नं. ७ मन्सापुर वडा कार्यालयमा आयोजित एक कार्यक्रमबीच गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डल, वडा अध्यक्ष हरिनारायण मण्डल र पशु विकास शाखा प्रमुख बद्री नारायण मण्डलले संयुक्त रुपमा १३ जना किसानलाई सो मेशिन हस्तान्तरण गरे ।

विद्युतीय मोटरको सहायतामा चल्ने मेशिनले कम समयमा धेरै कुट्टी काट्ने भएकोले किसानलाई फाइदा पुग्ने बताउँदै गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले पशुपालन क्षेत्रको विकासका लागि पशुपालक कृषकहरुलाई ५० प्रतिशत अनुदानमा उक्त मेशिन हस्तान्तरण गरिएको बताए ।

आर्थिक बर्ष २०८२/०८३ मा किसानहरुबाट माग संकलन गरिएको र २६ जना किसानले मात्र विद्युतीय चापकटर मेशिन माग गरेकाले ५० प्रतिशत अनुदानमा गाउँपालिकाबाट खरिद गरी हस्तान्तरण गरिएको पशु विकास शाखा प्रमुख बद्रीनारायण मण्डलले जानकारी दिए । बाँकी रहेको १३ वटा मेशिन पनि छिट्टै वितरण गरिने पशु विकास शाखा प्रमुख मण्डलले जनाए ।

तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष हरिनारायण मण्डलको अध्यक्षतामा आयोजित सो कार्यक्रममा कृषि विकास शाखा प्रमुख उमेश मण्डल, विपद् शाखा प्रमुख राजेश कुमार झासहितको सहभागिता रहेको थियो ।

### *भन्सार कार्यालयको ...*

राजस्व संकलन हुने गरेकोमा हाल चलचित्र गृहहरु कम हुँदै गएका कारण पनि राजस्व संकलन कार्यमा प्रभाव परेको सुनाए । यस नाकाबाट मुख्य रुपमा कपडा इलेक्ट्रोनिक्स, किराना तथा विभिन्न उद्योगका कच्चा पदार्थ आयात हुने गरेको छ ।

लामो समयदेखी सडक र पुल जीर्ण हुँदा राजस्व संकलनमा मात्र नभई सर्वसाधारणलाई आवगमनमा समेत समस्या भईरहेकाले यसतर्फ सरोकारवाला निकायको ध्यान जानुपर्ने स्थानियहरुको सुझाव रहेको छ ।

### *बाउन सुगरसहित ...*

रहेको प्रहरीको प्रारम्भिक परीक्षणबाट खुलेको छ । प्रहरीले कार्कीलाई नियन्त्रणमा लिएर लागुऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले प्रहरी नायब उपरीक्षक घिमिरेले बताए ।

### *शिक्षा र स्वास्थ्यमा ...*

विद्यालय अर्गानाइजेसन ( प्याब्सन)का महासचिव आरबी कटवालले निजी शिक्षालयका छाता संस्थाको आग्रह र अभिभावकको आवाजलाई सुनेर समता शिक्षा शुल्क फिर्ता घोषणा भएकामा खुसी तुल्याएको बताउनुभयो ।

उहाँले मङ्गलबार नै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र आफूबीचको छलफलमा आगामी ऐन, नियम र पाठयक्रम पुनरावलोकनका क्रममा पूर्वपरामर्श गर्न र सर्वोच्च अदालतका फैसलाबमोजिम काम गर्न आग्रह गरिएको जानकारी दिनुभयो ।

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एनप्याब्सन)का अध्यक्ष सुवास न्यौपानेले सरकारको शिक्षा क्षेत्रको कर फिर्ता लिने निर्णय सकारात्मक रहेको बताउनुभयो । "सरकारले तीन प्रतिशत कर फिर्ता लिने निर्णय निकै सराहनीय रहेको छ", उहाँले भन्नुभयो, "यो निर्णयलाई हामीले सकारात्मक ढङ्गले लिएका छौँ ।"

शिक्षा क्षेत्रका सरोकारवाला निकायमात्रै नभएर स्वास्थ्य क्षेत्रका सरोकार निकायले पनि स्वास्थ्य क्षेत्रमा हटाएको तीन प्रतिशत करको स्वागत गरेका छन् ।

मेडिकल व्यवसायी डा सुनिल शर्माले पनि सरकारले स्वास्थ्य क्षेत्रमा लगाएको तीन प्रतिशत कर हटाएको आधिकारिक हो भने निकै स्वागतयोग्य निर्णय रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सरकारले तीन प्रतिशत स्वास्थ्य कर हटाएको भन्ने सामाजिक सञ्जालबाट जानकारी प्राप्त गरेका छौँ । यदि सरकारले आधिकारिक रूपमा नै कर हटाएको हो भने पक्कै पनि स्वागतयोग्य निर्णय हो ।"

उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय अध्यक्ष तथा वरिष्ठ अधिवक्ता ज्योति बानियाँले सरकारले शिक्षा र स्वास्थ्यमा लगाएको तीन प्रतिशत कर फिर्ता गर्ने निर्णय स्वागतयोग्य भन्दै विद्युत्मा लगाएको पाँच प्रतिशत कर पनि फिर्ता गर्नुपर्ने बताउनुभयो ।

"सरकारले शिक्षा र स्वास्थ्यमा लगाएको तीन प्रतिशत कर फिर्ता गर्ने निर्णय गरेर जनमैत्री निर्णय गरेको छ । सरकारले जनताको आवाज सुन्नु पक्कै पनि राम्रो विषय हो", उहाँले भन्नुभयो, "सरकारले ५० युनिटभन्दा धेरै विद्युत् खपत गर्नेलाई लगाएको पाँच प्रतिशत कर पनि तत्कालै हटाउनुपर्ने देखिन्छ ।"

# भन्सार छलेका किराना सामान र कपडासहित तीन वटा मोटरसाइकल बरामद



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले राजविराज बागेश्वरी मन्दिरस्थितबाट भन्सार छलेका किराना सामान र कपडासहित तीन वटा मोटरसाइकल बरामद गरेको छ ।

गस्ती गर्ने क्रममा प्रहरीले भारतबाट अबैध रुपमा भन्सार छलि तथा चोरी पैठारी गरी भारतीय नम्बर प्लेटको तीन वटा मोटरसाइकलमा लोड गरी लगिरहेको अवस्थामा उक्त सामानहरु बरामद गरेको जनाएको छ ।

जिल्ला प्रहरी सप्तरीका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता हेमराज घिमिरेका अनुसार प्रहरी टोलीलाई देख्ने बित्तिकै मोटरसाईकल सोही स्थानमा छाडी मानिस फरार भएका थिए । बेवारिसे अवस्थामा रहेका उक्त मोटरसाईकलहरुमा लोड गरेको बोराहरु चेकजाँच गर्दा सो बोरा भित्र विभिन्न किराना सामानहरु र कपडाहरु फेला परेको उनको भनाई छ ।

तीन लाख ९६ हजार ५ सय ७५ बराबरको किराना सामान र कपडाहरु सहित तीन थान मोटरसाइकल प्रहरी टोलीले नियन्त्रणमा लिई मंगलबार आवश्यक कारवाहीको लागि राजविराज भन्सार कार्यालय तिलाठीमा बुझाईएको प्रहरीले जनाएको छ ।

# आगलागीमा पाँच लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

मधेश प्रदेशको सप्तरी र महोत्तरीमा भएको आगलागीका घटनामा करिब ५ लाख मुल्य बराबरको धनमाल नष्ट भएको छ ।

केन्द्रिय प्रहरी कार्यालय अनुसार सप्तरीको कञ्चनरूप नगरपालिका ६ क्वाटर मलेठस्थित नवराज बस्नेतको गोठमा मंगलबार राति आगलागी हुँदा गोठ पूर्णरूपमा जलेर करिब २ लाख मुल्य बराबरको धनमाल नष्ट भएको छ ।

यस्तै महोत्तरीको सोनमा गाउँपालिका ३ दक्षिणबारी टोलस्थित दिनेश यादवको गोठमा बुधबार बिहान आगलागी हुँदा गोठ पूर्णरूपमा जलेर करिब ३ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

# मधेस प्रदेश सरकारद्वारा सिरहा र सप्तरीका एक हजार २०१ परिवारलाई आवास निर्माण

जनकपुरधाम, ६ साउन (रासस) ।

केही वर्षअघिसम्म वर्षात् लाग्नेबित्तिकै फुसको छानो चुहिने, हरीबतास चल्दा रातभर निद्रा हराउने र आगलागीको त्रासमा दिन बिताउने सिरहा र सप्तरीका एक हजार २०१ विपन्न परिवारका लागि अहिले जीवन नै फेरिएको छ ।

फुसको अस्थायी टहराबाट पक्की घरमा सरेसँगै ती विपन्न परिवारहरूको दैनिक जीवन सुरक्षित, सम्मानित र आशावादी बनेको छ । मधेस प्रदेश सरकारले सञ्चालन गरेको जनता आवास, महेन्द्रनारायण निधि विपन्न आवास र विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमअन्तर्गत सिरहा र सप्तरीका गरी एक हजार २०१ परिवारले पक्की घर प्राप्त गरेका छन् । दलित, विपन्न र सीमान्तकृत समुदायको जीवनस्तर उकास्ने सामाजिक अभियानका रूपमा स्थापित हुँदै गएको छ ।

ती जिल्लाका अधिकांश दलित तथा विपन्न परिवार वर्षौंदेखि फुसको छानो भएको झुपडीमा बस्दै आएका थिए । "वर्षा लागेपछि घरभित्रै पानी चुहिन्थ्यो, गर्मीमा अत्यधिक ताप सहनुपर्थ्यो, आगलागीको जोखिम त झन् सधैँको चिन्ता थियो", सिरहाको सिरहा नगरपालिका-९ निवासी रशमादेवी राम भन्नुहुन्छ, "तब पक्की घर पाएपछि अहिले सबै चिन्ताबाट मुक्त भएको अनुभूति भइरहेको छ ।" यो जुनीमा पक्की घरमा सुत्न पाउँछु भन्ने सपना पनि देख्न सकेका थिइनँ, तर पाएकाले असाध्यै खुसी छु, उहाँको भनाइ छ ।

सरकारको आवास कार्यक्रमअन्तर्गत पक्की घर पाएपछि लाभग्राही परिवारको जीवनमा उल्लेखनीय परिवर्तन आएको छ । पूर्वाधार विकास कार्यालय सिरहाका सबइन्जिनियर जीवछकुमार यादवका अनुसार आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म सिरहामा तीनवटा आवास कार्यक्रममार्फत ६१२ परिवार लाभान्वित भएका छन् ।

यसमध्ये जनता आवास कार्यक्रमबाट ५१२, महेन्द्रनारायण निधि विपन्न आवास कार्यक्रमबाट ६९ तथा विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमबाट ३१ परिवारले पक्की घर पाएका छन् । सिरहाको औरही गाउँपालिकामा मात्रै जनता आवास कार्यक्रमअन्तर्गत ४४७ वटा घर निर्माण गरी हस्तान्तरण गरिएको छ । यसले औरही क्षेत्रका विपन्न समुदायको आवासीय अवस्थामा ठूलो सुधार ल्याएको स्थानीयको भनाइ छ ।

यस्तै सप्तरीमा पनि आवास कार्यक्रम प्रभावकारी रूपमा अघि बढेको छ । पूर्वाधार विकास कार्यालय सप्तरीका सबइन्जिनियर रामाकर झाका अनुसार जनता आवास कार्यक्रमबाट ५१५, महेन्द्रनारायण निधि विपन्न आवास कार्यक्रमबाट ५६ तथा विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमबाट १८ गरी ५८९ परिवारले नयाँ घर पाएका छन् ।

नयाँ घर पाएसँगै धेरै परिवारले असुरक्षित झुपडी छाडेर सम्मानजनक जीवन सुरु गरेको झाको भनाइ छ । यद्यपि, कार्यक्रम पूर्ण रूपमा सम्पन्न भने भइसकेको छैन । सिरहामा जनता आवास कार्यक्रमअन्तर्गत करिब ४० र महेन्द्रनारायण निधि कार्यक्रमअन्तर्गत २७ घर निर्माणाधीन छन् ।

सप्तरीमा जनता आवास कार्यक्रमअन्तर्गत ७९१ घर निर्माणको सम्झौता भए पनि हालसम्म ५१५ वटामात्रै सम्पन्न भएका छन् । दुई सय ८८ वटा निर्माणाधीन छन् भने ८८ वटा घरको निर्माण अझै सुरु हुन नसकेको प्राविधिक झा बताउनुहुन्छ ।

उहाँका अनुसार महेन्द्रनारायण निधि कार्यक्रमअन्तर्गत सम्झौता भएका ९२ घरमध्ये ५६ सम्पन्न, ३४ निर्माणाधीन र पाँचवटाको काम सुरु हुन बाँकी छ । आवास केवल एउटा भवन होइन, यो परिवारको सुरक्षा, स्वास्थ्य, शिक्षा र सम्मानसँग जोडिएको आधारभूत आवश्यकता हो ।

पूर्वाधार कार्यालय राजविराज सप्तरीका प्रमुख कृष्णदेव झाले सुरक्षित घर भएपछि बालबालिकाको विद्यालय जाने वातावरण सुधारिएको बताउनुहुन्छ । उहाँका अनुसार महिलाहरूले घरभित्र सुरक्षित रूपमा दैनिक काम गर्न पाएका छन भने वृद्धवृद्धा र अशक्त व्यक्तिका लागि पनि पक्की घरले सहज जीवन प्रदान गरेको छ ।

आवास कार्यक्रमले गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरण र मानव विकास सूचकाङ्क सुधारमा समेत सकारात्मक प्रभाव पारेको प्रमुख झा बताउनुहुन्छ । प्रमुख झाका अनुसार जग्गा व्यवस्थापनमा कठिनाइ, बजेट अभाव तथा केही प्रशासनिक प्रक्रियाका कारण आवास कार्यक्रम निर्माणकार्य अपेक्षित गतिमा अघि बढ्न सकेको छैन ।

बर्सेनि निर्माण सामग्रीहरूको बजारभाउ अत्यधिक बढे पनि आवास कार्यक्रमहरूको बजेट बढ्न नसक्दा कार्यक्रम सञ्चालन गर्न चुनौती भइरहेको उहाँको भनाइ छ ।

**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*